केन्द्रबिन्दुमा बालक

## प्रार्थना मार्ग निर्देशिका २०१०

**“अनि उहाँले तिनीहरुलाई काखमा लिएर तिनीहरुमाथि आफ्नो हात राखी तिनीहरुलाई आर्शीबाद दिनुभयो ।”**

**मकूस १०: १६**

पिता परमेश्वर,

आज कहिल्यै माया प्राप्त नगरेका, स्नेहपूर्ण न्यानो अंगालो वा सुरक्षित ठाउँको कहिल्यै अनुभव नगरेका बालबालिकाहरुको जीवनलाई तपाइँले छुनुहोस् भन्ने बिन्ति गर्दै तपाइँ सामु आउँदछौं ।

जोखिममा परेका बालबालिकाहरुलाई सेवा गर्न र तपाईको इच्छा यस पृथ्वीमा पूरा गर्न हामीले संधै हाम्रो हृदय र हातहरु उनीहरुको लागि खोल्न नसकेकोमा हामीलाई क्षमा गरिदिनुहोस् ।

हामी प्रार्थना गर्दछौं की अप्ठ्यारामा परेका बालबालिकाहरुको चित्कार प्रभु येशूको नाम लिने सबै मानिसकहाँ पुग्न सकोस् । लाखौं बालबालिकाहरु भएको खेतमा अझ धेरै खेतालाहरु पठाइदिनुहोस् भनि प्रार्थना गर्दछौं । तपाईंको प्रेम अझ धेरै दर्शाउन मध्यस्थकर्ताहरु, आमा-बुवाहरु खाँचोमा परेको यस संसारमा पठाइदिनुहोस् भनि प्रार्थना गर्दछौं । जसै बालबालिकाहरुले तपाईंको प्रेमको थाहा गर्दछन्, हामी प्रार्थना गर्दछौं की समुदायहरु रुपान्तरीत हुन सकुन र जसै मानिसहरुले संगसंगै प्रेम र एकतामा काम गर्दछन्, संसारले तपाईंको राज्यको सुसमाचार थाहा गर्न सकोस् ।

-आमिन्

जोखिममा परेका बालबालिकाहरुको यस प्रार्थना मार्ग निर्देशिकाले परमेश्वरको हृदयमा ज्वलन्त रुपमा बलिरहेको विषयवस्तुलाई जोड दिन्छ भनी हामी विश्वास गर्दछौं । प्रत्येक पृष्ठले हामीलाई बालबालिकाहरु किन हाम्रो प्रार्थना र कार्यहरुको केन्द्रबिन्दुमा हुनुपर्छ भनेर स्मरण गराउँछ । जसै हामीले बालबालिकालाई प्राथमिक रुपमा स्थान दिन्छौं र केन्द्रमा राख्छौं तब हामीले उनीहरुको आवाज र दृष्टिकोणलाई समावेश गरेका हुन्छौं ।

हामीले विषयवस्तुलाई संयुक्त राष्ट्रसंघ सहश्राब्दी विकास लक्ष्य वरपर रही समावेश गर्ने तथा खाका तयार गर्ने कामलाई निरन्तरता दिनुका साथै उक्त लक्ष्यहरुको प्राप्तिमा निर्वाह गर्न सकिने हाम्रो भूमिकालाई जोड दिएका छौं । यी लक्ष्यहरुले निष्पक्ष र न्यायपूर्ण समाजहरु निर्माण गर्ने कुरालाई जोड दिन्छन् र धेरै जसो लक्ष्यहरुले परमेश्वरको राज्यका सिद्धान्तहरुलाई झल्काउँदछन् ।

यस सामग्रीले निम्न विषयवस्तु अन्तर्गत प्रार्थनालाई प्रवर्द्धन गर्दछ

- १ चरम गरीबी र भोकमरीको उन्मुलन
- ३ विश्वव्यापी प्राथमिक शिक्षा
- ४ बाल मृत्युदरको न्यूनीकरण
- ६ एचआएभी/एड्स विरुद्ध लडाई

यस सामग्रीलाई विभिन्न सर्न्दभहरुमा फरक फरक तरिकाले वर्षैभरी प्रयोग गर्न सकिन्छ, यद्यपी यो जोखिममा परेका बालबालिकाहरुको लागि वार्षिक विश्व सप्तान्त प्रार्थनाको लागि विशेष रुपले तयार पारिएको हो, जुन चाँहि १९९५ यता हरेक जुन महिनाको पहिलो साताको सप्तान्तमा हुँदै आएको छ । यहाँ उपलब्ध विषयवस्तु र जानकारीले तपाईंको प्रार्थना फलदायी हुनेछ भनेर हामी आशा गर्दछौं ।

धेरै जना बालबालिकाहरुको लागि हाम्रो संसार निरास, निर्जन र निरासापूर्ण हुन सक्छ तर हामी विश्वास गर्दछौ की आशा छ । यही कारणले नै जोखिममा परेका बालबालिकाहरुको लागि विश्वव्यापी प्रार्थनाको अभियानमा प्रार्थना गर्ने र सहभागी हुने मानिसहरुको संख्या वृद्धि गर्न सहायता गर्न चाहन्छौं ।

**...........“बालबालिकाहरुलाई म कहाँ आउन देओ,................ मर्कूस १०: १३-१५**

मानिसहरुले साना बालबालिकाहरुलाई येशूले छोइदिउन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए तर चेलाहरुले तिनीहरुलाई हकारे । तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरुलाई भन्नुभयो, “साना बालबालिकाहरुलाई म कहाँ आउन देओ, तिनीहरुलाई नरोक किनभने परमेश्वरको राज्य यस्तैहरुको हो । साँच्चै म तिमीहरुलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन त्यो कदापि त्यसभित्र पस्ने छैन ।” मर्कुस १० : १३-१५

येशू यस पृथ्वीमा रहेको समयमा उहाँले प्रचार गर्नुभएको सुसमाचार मानिसहरुले पूर्णरुपमा बुझ्न सकेनन् । येशूकहाँ ल्याईएका बालबालिकाहरुलाई चेलाहरुले रोक्न खोजे, तर पनि येशूले केही गर्नुभयो जसले गर्दा स्थानिय मानिसलाई अचम्मित तुल्याएको हुनुपर्छ । उहाँले एउटा बालकलाई बिचमा राखेर बताउनुभयो कि यदि उनीहरु उहाँलाई पछ्याउने एउटै मात्र बाटो स्वर्गको राज्यको भाग बन्न चाहन्छन् भने उनीहरु बालक जस्तै बन्नु पर्दछ । येशूले महत्वपूर्ण सिद्धान्तहरुको नमुना प्रस्तुत गर्नुभयो, यही कथामा उल्लेख गरिएको छ की उहाँले तिनीहरुलाई काखमा लिएर तिनीहरुलाई आर्शीवाद दिनुभयो । हामीहरु येशूको मिसनलाई यस पृथ्वीमा निरन्तरता दिन बालबालिकाहरुलाई प्रार्थना र कामद्वारा हाम्रो हृदयमा राख्न सकौं भनि हामीले प्रार्थना गर्न आवश्यक छ ।

हामी संगै प्रार्थना गरौं र रुपान्तरण देख्न सकौं

**भिभा प्रार्थना समूह**
सामूहिक क्रियाकलापको लागि सुझाव दिदाँ संवेदनशील सहजीकरण आवश्यक पर्दछ । हामीले यसलाई चिन्हद्वारा चिनाएका छौं । तपाईले त्यसलाई कसरी सही तरीकाले प्रयोग गर्ने भनेर विचार गर्न सक्नुहुन्छ ।

**खण्ड १**

**<u>केन्द्रविन्दुमा रहेका बालबालिकाहरु जसलाई परिवारको खाँचो परेको छ</u>**

यूनिसेफको अनुमान छ कि विश्वव्यापी रुपमा संस्थागत स्याहार पाइरहेका बालबालिकाहरुको संख्या २२ लाख छ, तर रिर्पोटिङको कमी र अनियमितताको कारण यसलाई कम आंकलन गरिएको उनीहरुको दाबी छ । अध्ययनले के देखाउँछ भने राम्रो गुणस्तरका स्याहार केन्द्रले पनि सहयोग नगरिदिनाले बालकले उसको जीवनमा सम्बन्ध स्थापना गर्ने क्षमतामा प्रभाव पर्दछ । एउटा वास्तविक र साँचो परिवार अन्यको कुनै कुराले पनि स्थान लिन सक्दैन । कल्पना गर्नुहोस दुई वर्षकी बालिका हाम्रो अगाडि छिन् । उनको कपाल पातलो र फुङ्ग उडेको र शरीरभरि कोतरिएको छ । उनलाई पहिल्यै थाहा छ की उनको शरीरमा देखिएका डाम र तानिएको कपालले गर्दा ड्युटीमा रहेका कर्मचारीको प्रशस्त ध्यान उनमा छ भनेर जुन कर्मचारीले उनी लगायत अरु सात जना बालबालिकालाई हेर्ने जिम्मेवारी छ । तपाईंको प्रतिक्रिया कस्तो हुनु पर्दछ छ ?

- एउटी बालिकाले कसरी प्रेमको आदानप्रदान(माया पाउने र माया गर्ने) भन्ने कुरा सिक्दै गर्दा आमाको रुपमा रहेर स्याहार गर्ने व्यक्तिप्रतिको बालिकाको भावनात्मक झुकाव(सम्बन्ध) पछि हुने यस्ता भावनात्मक सम्बन्धको लागि ‘अमिट छाप वा एउटा भित्री नमुनाको’ रुपमा रहने गर्दछ ।

## कोस्टारिका

कोस्टारिकामा रहेको भिभा टिमको लागि प्रभु तपाईंलाई धन्यावद छ । आठ वर्षकी निनाले आफ्नो जीवनको सबैभन्दा बढी समय बालगृहमा बिताएकी छिन् । किशोरावस्थामा पुगेका केटीहरुलाई हेरचाह गर्न गाह्रो हुन्छ भन्ने कुराले उनी त्यहाँ १२ वर्ष मात्र बस्न सक्छिन् भन्नेकुरा उनलाई थाहा छ र यस कुराले उनलाई धेरै चिन्तित तुल्याउँछ ।

त्यहाँ अवस्थित भिभा समूह (कासा भिभा/casa viva) ले उनलाई उनकै स्थानिय मण्डलीको एउटा स्याहार गर्ने परिवारसँग राखिदियो ता कि उनको बाँकि जीवनभर त्यस परिवारले सहयता पुऱ्याउन सकोस् । नयाँ अभिभावकको संरक्षणमा निना यति खुशी भइन की अरु नानीहरुले पनि यस्तै प्रेम र सुरक्षाको अनुभव गर्ने मौका पाउन सकुन् भनेर इच्छा गरिन् । जब कास भिभा ले त्यस्तै स्याहार गर्ने अभिभावक खोजिरहेको थियो निनाले आफ्नो अभिभावकले अर्को नानीलाई पनि लिइदियोस् भन्ने इच्छा गरिन् ।

उनले भनिन "मलाई थाहा छ बालगृहमा बस्नु भनेको के हो भनेर र कुनै एक जना बालक पनि त्यहाँ जाओस् भनेर म चाहन्न ।" फलस्वरुप निना र उसका अभिभावकले तीन वर्षको बालकलाई लिए र ऊ अहिले त्यस परिवारमा हुर्किरहेको छ ।

## एसिया

प्रभु इसाई सेवकाई अर्न्तगतको एसियाली जोखिमको सञ्जालको लागि धन्यवाद जसले आमाबाबुबिहीन बालबालिका पनि उनीहरु संलग्न रहेको परिवारमा छोरा वा छोरीको रुपका रहन सक्दछ भनेर विश्वास गर्दछ । धेरै बालबालिकाहरु बालगृह वा अन्य यस्तै परिवारमा बस्दछन जसले राम्रो काम गर्दैनन् वा सड्कमै रहन्छन् । उनीहरुले न त आमा बाबुको प्रेमलाई महसुस गर्न सक्दछन न त परिवारमा रहनु भनेको के हो भनेर नै जान्दछन् ।

प्राय जसो भोकमारी, अवहेलना र दुर्व्यवहारले पनि भावी पुस्तालाई अनाथ हुन बाध्य गराइरहेको छ । यस सञ्जालले धेरै भन्दा धेरै इसाइहरुलाई अनाथसंग काम गर्न उनीहरुलाई पुत्र पुत्रीको रुपमा ग्रहण गर्नको लागि दक्ष बनाउने र उत्साह दिने लक्ष्य लिएको छ ।

**'परमेश्वर आफ्नो पवित्र वासस्थानका अनाथका पिता र विधवाहरुका रक्षक हुनुहुन्छ । एक्लो मानिसलाई परमेश्वरले परिवारमा बसाल्नुहुन्छ । उहाँ कैदीहरुलाई मुक्त गरी आनन्दित तुल्याउनुहुन्छ ।'                भजनसंग्रह ६८:५-६**

**प्रार्थनाका विषयहरुः**

- तपाईंको देशका विभिन्न बालगृह तथा संस्था अन्तर्गत बस्ने बालबालिकाहरु
- विश्वभर छरिएर रहेका इसाई बालगृह र सेवाकाइ अन्तर्गत रहेका बालबालिकाहरुको खाँचोलाई स्नेहपूर्ण तरिकाले सहयोग गर्ने धेरै व्यक्तिहरुको लागि । (जब कुनै पनि परिवार उपलब्ध छैन भने प्राय यो नै एउटा मात्रै विकल्प हुने गर्दछ ।)
- बालबालिकाहरुको लागि परिवार भेटाउन सहायता गर्ने सेवाकाइ ,संघ-संस्था र मण्डलीहरुको लागि ।
- संरक्षणको आवश्यकता परेका बालबालिकाहरुको खाँचो पुरा गर्न आफ्नो समुदायमा त्यस्ता बालबालिकाहरुलाई घर परिवार खोजी गरी सहायता गर्ने समाजको लागि ।
- जस्तै परिस्थितिमा रहेको भएता पनि राम्रो भविष्य हुन देखि रोक्ने हरेका बाधा र चुनौतिहरु बालबालिकाहरुले सामना गर्न सकुन भनेर ।

**प्रार्थना संगसंगै गर्न सकिने क्रियाकलाप**

स्नेही र प्रेमपूर्ण परिवारमा कहिल्यै पनि नबसेको जो कोहिलाई पनि तपाईंको परिवारमा स्वागत गर्ने कुरा विचार गर्नुहोस । सानो समूहमा निम्न कुराहरु छलफल गर्नुहोस् ।

कुन कुराले उनीहरुलाई आफूलाई स्वागत गरको महसुस गराउँला ? तपाईले कस्तो महसुस गर्नुहुन्छ होला ?त्यहाँ कस्ता अप्ठ्याराहरु आउन सक्लान ? उनीहरुलाई के गर्दा (कसरी व्यवहार गर्दा) तपाईंलाई आनन्द लाग्ला ?
तपाईंको घरमा आउन सक्ने कुनै एउटा बालकलाई आफ्नो परिवारको बारेमा बताउँदै र उसलाई तपाईंको घरमा आउने निम्तो दिदै एउटा चिट्ठी लेख्नुहोस् ।

विचार- हामी सबैजनाले परिवारको खाँचो परेको बालकलाई पाल्न वा स्याहार गर्न सक्दैनौ, तर पनि यस अभ्यासले हामीलाई ति बालबालिकाहरुको लागि प्रार्थना गर्न सहायता गर्दछ जसलाई संरक्षणको खाँचो छ साथै सुरक्षित र स्नेहपूर्ण परिवार नभएका बालबालिकाहरुको लागि तपाईंको परिवार कसरी एउटा नमुना बन्न सक्छ भन्नेकुरा विचार गर्न मद्दत गर्दछ ।

**खण्ड २**

**केन्द्रबिन्दुमा रहेका बालबालिकाहरु जो हिंसा सहिरहेका छन् ।**

युनिसेफका अनुसार, हिंसा र दुर्व्यवहारका कारण लाखौं बालबालिकाहरु घरबाट भाग्दछन् । १८ वर्ष भन्दा मुनिका १८ करोड बालबालिकाहरु ल्याटिन अमेरीकामा मात्र बस्दछन् र प्रत्येक वर्ष ६०,००00 बालबालिकाहरुले चरम हिसांको सामना गर्दछन् भने ८०,००० बालबालिकाहरुको आफ्नै परिवारमा मृत्यु हुन्छ ।

कल्पना गर्नुहोस्-एउटा जड्याह बाबुले हाम्रै आँखाको अगाडि आफ्नै छोरालाई पिट्दछ । छिप्पिएको अनुहारले उक्त १२ वर्षको बालकलाई उसको वास्तविक उमेर भन्दा बूढो देखाउँछ । सुन्नीएका आँखा लिएर तपाईंलाई एकटक लाएर हेर्छ । तपाईको प्रतिक्रिया कस्तो हुनुपर्दछ ?

- ५ जनामा ४ जना नानीहरुले ल्याटिन अमेरिकी देशमा घरमा नै शारीरिक सजाय भोग्दछन, यस मध्ये एक तिहाई घट्नाहरुलाई गम्भिर शारीरिक क्षतिको रुपमा लिइन्छ । “अभिभावकहरुले गर्ने बेवास्ताले गर्दा बालबालिकाहरु पीडित हुनु भनेको न्यायसंगत होइन । उनीहरुले आफ्ना नानीहरुलाई धेरै ध्यान पुऱ्याउनु पर्दछ, परमेश्वरले हामीलाई न त कहिल्यै त्याग्नुहुन्छ न त अवहेलना नै गर्नु हुन्छ ।” -विन्डी, १० वर्ष (एलसाल्भाडोर)
- करिव पन्ध्र करोड बालिका र सात करोड तीस लाख बालकहरु कुनै न कुनै यौन जन्य यातना भोग्ने विश्व स्वास्थ्य संगठनको अनुमान छ ।
- सयुंक्त राष्ट्रसंघको प्रतिवेदन(२००७) ले के देखाउँछ भने १०० वटा राष्ट्रमा अझै पनि बालबालिकाहरुलाई विद्यायलयमा लठ्ठी तथा अन्य वस्तुले सजाय दिइन्छ ।
- युनिसेफको तथ्याङ्क अनुसार, काजकिस्थाका आवसिय विद्यालयमा बसेर पढ्ने ८०% बालबालिकाहरुलाई क्रुरता पूर्ण व्यवहार गरिन्छ ।

## बोलिभिया

दानिएल १७ वर्षका भए र बोलिभियाको सडकमा बस्दछन् । आमाको मृत्युको परिणामस्वरुप उनका बुवाले पिउन सुरु गरे र उनी र उनको भाइहरुलाई पनि पिट्न थाले । अलिक राम्रो बस्ने ठाउँको खोजिमा दानिएल घरबाट भागे । सडकमा जुत्ता सफा गर्दै आफ्नो जीवन निर्वाह गर्न थाले, तब उनले भिभा अर्ली इन्काउन्टर स्ट्रीट टीम (viva's early encounter street team) का कोहि व्यक्तिलाई भेटे जसले उनलाई सेवाकाइको सदस्य हुन अनुरोध गरे । दानिएलले बताए की यो अनुभवले उनको जीवनमा परिवर्तन ल्यायो ।

"उनीहरुले मलाई विहानको नास्ता र खाना दिए र उनीहरुले मलाई सहायता गरे जहाँ म खुशी छु र साथीसंग खेल्छु र नयाँ कुरा सिक्न सक्छु । अहिले मैले विहानमा जुत्ता सफा गर्ने काम गर्छु र दिउँसो भाईको स्याहार गर्छु र त्यसपछि विद्यालय जान्छु ।"

आज दानिएल खुशी, भद्र र उत्तरदायी जवान व्यक्ति भएका छन् । उनले अहिले अध्ययन गर्छन, काम गर्छन र आफ्नो परिवारलाई सहायता गर्न सक्ने राम्रो कामको सपना देख्दछन् ।

## पाकिस्तान

सञ्जाल संयोजक मार्फत भिभाले भर्खर सुन्यो कि पाकिस्तानमा एक १३ वर्षिया बालिकाको हत्या भयो जसलाई घर धनीले यातना दिए । धैरै किशोरीहरु धनी परिवारमा घरेलु कामदारको रुपमा काम गर्दछन् र फलस्वरुप घर धनीद्वारा नै हिंसा र दूर्व्यवहारको शिकार हुने जोखिममा पर्दछन् ।

आफ्ना बालबालिकाहरु जोखिममा पर्न सक्दछन भन्ने कुरा जानेर पनि गरिब परिवारले नचिनेका घरपरिवारमा आफ्ना छोरीहरुलाई पठाउनु दुखद कुरा हो । गरिबीको कारणले गर्दा यही बाटो नै प्राय मानिसको आम्दानीको स्रोत हुने गरेका छ ।

**"किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, "परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतीको निम्ति हुन नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।" -यर्मिया २९:११**

## प्रार्थनाका विषयहरु

- अभिभावक वा अन्य प्रौढ व्यत्तिहरुद्वारा शारीरिक वा मौखिक दुर्व्यवहार भोगिरहेका बालबालिकाहरुका निम्तिः ताकि यी वयस्क व्यक्तिहरुले गलत तरिका अपनाउन छोडून् ।
- शारीरिक हानी नपुऱ्याईकन आफ्ना बालबालिकाहरुलाई अनुशासनमा ल्याउन सक्ने गरी अभिभावकलाई असल शिक्षा र तालिमको लागि
- राम्रो तरिकाले स्यहार नपुऱ्याइएका दानिएल जस्ता बालबालिकाहरुका लागि उनीहरुले भिन्न प्रकारको अनुभव गर्ने अवसर पाउन सकून ताकि उनीहरुका आफ्नै बालबालिकाहरुसंग पुरानो व्यवहार नदोहोरियोस् ।

- साना बालबालिकाहरुलाई राम्रोसंग व्यवहार नगर्ने वयस्यकहरुका निम्ति ताकि उनीहरु परिवर्तन होउन र बालबालिकाहरुको खाँचोप्रति संवेदनशील बनुन् ।
- आफ्नो परिवार भित्र र बाहिर पनि बालबालिकाहरुका लागि सिकाउने, प्रार्थना गर्ने, खेल्ने र उनीहरुलाई आशिषित तुल्याउनको लागि समय दिन सक्ने परिवारको लागि ।
- पारिवारिक विषयको महत्वलाई स्वीकार गर्नसक्ने परिवारलाई सुरक्षित र एकतामा बाँधिराख्नका लागि विवाह आदर र वैधानिकता दिनसक्ने सरकारको लागि ।

प्रार्थना संगसंगै गर्न सकिने क्रियाकलाप

हाम्रा हातहरुले अरुलाई आशिषित गराउन सक्ने सबै उपायहरु विचार गर्नुहोस ।

समूहमा एउटा ठूलो हातको चित्र कोर्नुहोस र एउटा रङ्गको प्रयोग गरी लेख्नुहोस वा चित्र कोर्नुहोस जसले हाम्रा हातहरुले अरुलाई कसरी आशिष दिन सक्छन् भनेर देखाओस् । अर्को रङ्ग रोज्नुहोस र हाम्रा हातहरुले अरुलाई चोट पुऱ्याउन सक्ने कुराहरु लेख्नुहोस वा चित्र कोर्नुहोस । यो हप्तामा हाम्रा हातहरुले कसैलाई आशिषित तुल्याउने अवसर दिनुभएको होस भनेर प्रार्थनामा समय बिताउनुहोस । विशेष गरी बालबालिकाले माया,वास्ता र संरक्षण दिने हातहरु थाहा पाउन सकुन जसले हानी होइन आशिष ल्याउँदछन् । विचार हामीले हाम्रो पारिवारिक सम्बन्ध बाहेक बाहिरका मानिसलाई  कति आशिषित तुल्याउछौं ।

**खण्ड -३**

**<u>शैक्षिक अवसरहरु नपाएका केन्द्र विन्दुका बालबालिकाहरु</u>**

प्राथमिक तहको विद्यालयमा जाने बालबालिकाहरुको संख्या सत्तरी करोड छ र १२ करोड भन्दा बढी बालबालिकाहरु विद्यालय जाँदैनन् । ती मध्ये धेरै जसो दक्षिण एसिया र अफ्रिकी साहारा प्रायद्धिपमा हुने गर्छ जहाँ गरिबी यसको प्रमुख कारण हो ।

कल्पना गर्नुहोस्- हाम्रो अगाडि भएको बालिका सानी छन जसको उमेर ९ देखि १० वर्ष भन्दा बढी छैन । उनले आफ्नो हातमा रहेको च्यातिएको कागजको टुका पढ्न सक्दिनन् । यदि उनले यो पढ्न सक्ने भएको भए उनका अभिभावकले उनको राम्रो भविष्यको आशामा शहर पठाएको कुरा सुन्दा अचम्म मान्ने थिइनन् । आफूलाई केही कमाउन सक्ने बनाउने उनले केही काम पाएकी छिन् ।

हाम्रो प्रतिक्रिया कस्तो हुनु पर्दछ ?

- कुनै कानुनी पहिचान विना पाँच करोड बालबालिकाहरुले जीवनको शुरुवात  गरेका छन् । उनीहरु कति वर्षका छन् भन्ने कुरा प्रमाणित गर्ने आधार नहुँदा उनीहरु अस्तित्वमा रहेता पनि उनीहरुले विभेद सहनु पर्ने वा शिक्षा र स्वास्थ्य जस्तो प्राथमिक सेवाबाट वञ्चित रहने सम्भावना रहन्छ ।

डोमिनिक गणराज्यमा भएका नाजरिन मण्डलीहरुको लागि हामी परमेश्वरलाई धन्यवाद चढाउँछौ जसले खडा गरेको सञ्जाल मार्फत मण्डलीमा आधारित छन जसले कानुनी दर्ता नभएका ६३ हजार बालबालिकाहरुलाई सहायता गर्दछन् ।

साना केटाकेटीहरु भएर प्रश्न सोध्नु हुँदैन भनेर उनले सिकेकी थिइन तर आफ्नो बाबुको मृत्युको विषयमा कुरा गर्न उनले अप्ठ्यारो महसुस गरिन् । उक्त परियोजनाका समाजिक कार्यकताहरुले थाडीले कस्तो महसुस गरेकी थिइन र उनले उठाईरहेका सवालहरुको विषयमा उनकी हजूरआमासंग कुराकानी गरे । “एउटी बच्चीले यती गहिरो रुपमा

सोच्लीन भनेर मैले कहिल्यै विचार गरेकी थिइन ।" हजूर आमाले भनिन र थाडीको अवस्थालाई उनले बुझ्न थालिन् । आफ्नो छोराको मृत्युको कुरालाई कसरी लुकाउन खोजिन भनेर उनका आँखाबाट आँशु बग्न थाले किनकी उनी आफै मात्र रोएर बस्थिन् तर कहिल्यै पनि नानीहरुको अगाडि आफ्नो दुःख देखाइनन् । अहिले उनीहरु संगसंगै कुरा गरी दुःख बाँडछन्, बिस्तारै भएता पनि यस विषयमा उनीहरु संगसंगै रहेका छन् ।

**उपदेशक ३ अध्याय**

**"सबैकुराका लागि समय छ, र आकाश मुनि सबै कार्यकलापको बेला छ : जन्मने एउटा समय छ र मर्ने एउटा समय,....."** (बाँकि पाठ प्रार्थना र अगुवाइमा पढ्नुहोस्)

प्रार्थनाका विषयहरु

- एचआएभी/एड्स को कारणले आमा बाबु गुमाएका बालबालिकाहरुलाई स्थानिय मण्डलीका परिवारहरुले आफ्नो घरमा बोलाउन वा सहायता गर्न उदार होउन भनेर प्रार्थना गर्नुहोस् ।
- सानैमा आफ्नो घरको मुख्य मानिस हुनु परेको बालबालिकाहरुको लागि सहायता, तालिम र उत्साह मिलोस भनेर
- एचआईभी /एड्स संग सम्बन्धित विषयमा मानिसहरुलाई शिक्षा दिने काम गरिरहेका सेवाकाइ र तत्परताको लागि
- बालबालिकाहरु संक्रमित नहोउन भनेर सबै गर्भवती महिलाहरुलाई अति नै प्रभाकारी उपचार पद्धति सेवालाई मद्दत पुऱ्याउन बोलपत्र अवहृन गर्ने युगान्डा सरकारको नमूना धेरै सरकारहरुले पछ्याउन सकुन भनेर ।
- वैवाहिक र पारिवारिक सम्बन्धहरु मजवुत होउन भनेर जसले जीवनमा एउटै यौन साथी प्रति वफादार हुन उत्साह दिन्छ । फलत यसले एचआईभी रोकथाममा मद्दत पुऱ्याउँछ ।
- युद्ध,महामारी, प्राकृतिक प्रकोप आदि जस्ता अन्य परिस्थितिहरु जहाँ बालबालिकाहरुले क्षति व्योहोर्दछ ।

प्रार्थना संगसंगै गर्न सकिने क्रियाकलाप

सानो झुण्डमा रहेका सहभागीहरुलाई एउटा सानो ढुङ्गा कपडाको टुक्रा उपलब्ध गराउनुहोस् । केही कुरा हराउँदा कस्तो महसूस हुन्छ भन्ने कुरा समूहमा बाँडन उत्साह दिनुहोस् । सहभागीहरुले बाँडदै गर्दा ढुङ्गालाई कपडाले बेर्नुहोस जसले रुपैंया र पैसाको संकेत गर्दछ उक्त बेरिएको ढुङ्गा एउटा सामन्य कुराको मुनी राख्नुहोस र येशूलाई आफ्नो सोचाईमा स्वागत गर्नुहोस । केही कुरा गुमाएकोलाई धेरै बालबालिकाहरुलाई दयापूर्ण रुपले प्रार्थना गर्न प्रयोग गर्नुहोस जसले आफूलाई माया गर्ने आमाबाबु र आफन्तहरुलाई यस संसारमा गुमाएका छन् ।

विचार- जीवन र मृत्यु हामी सबै जनाले भोग्ने विषय हुन । येशू माथिको हाम्रो विश्वासले यस विषयमा तयार रहन सहायता पुऱ्याउँछ र हामीलाई आशा र भविष्य दिन्छ । अर्कोपटक यस्तै क्षतिको कुरा सुन्दा, हाम्रो मुक्तिदाता येशूलाई आराधना गर्नको लागि समय निकाल्नुहोस ।

**स्लोभाकिया**

पूर्वी स्लोभाकियामा रहेको एउटा परिवारले विभिन्न प्रकारका अपाङ्गपन भएका चार जना बालबालिकाहरुलाई आफ्नो घरमा स्वागत गर्ने निर्णय गऱ्यो । उक्त परिवारलाई अन्य स्थानिय परिवारको सहयोग प्राप्त थियो जसले प्रार्थना र आर्थिक कुराले पनि सहायता गरेका थिए । फलस्वरुप माइकल जसलाई गम्भिर मानसिक अपाङ्गपन थियो , उ विशेष कक्षा जान सक्ने भयो जहाँ उसले आफ्ना खाँचोहरु पूरा गर्न सक्दथ्यो । त्यहाँ उसले काष्ठकला सम्बन्धि सिक्ने अवसर पायो र त्यस पछि थुप्रै अन्तर्राष्ट्रिय पुरस्कारहरु जित्यो । माइकलले खाना पकाउने लगायत अन्य धेरै क्षमताहरुको विकास गरे साथै आफ्नो घरमा उसलाई स्वागत गर्ने निर्णय गरेर येशूको प्रेम देखाउने परिवारलाई धन्यवाद दिए ।

किशोरावस्थाकी मारिया गर्भवती भएको कारण विद्यालयबाट निकालिन् । उनको पढाइलाई पुरा गर्न 'डोभ लाइट' ( dove light) मण्डलीले सहायता गऱ्यो । यस्तै परिस्थितिमा रहेका अरुहरुलाई पनि सहायता गर्दै आएमा पाष्टरले भने, 'आमा बन्नुको अलावा, यी किशोरीहरु अझै केटाकेटीहरु हुन् र विद्यालयको पढाइ चाहिन्छ, उनीहरुलाई सहायता गर्नु मण्डलीको जिम्मेबारी हो । यस वर्ष १७ बालबालिकाहरुले प्राथमिक शिक्षा माध्यमिक तहको शिक्षाको लागि योजना बनाइरहेका छन् । '

**युगान्डा**

म १५ वर्षको भए । म कम्वोडिया र थाइल्याण्डको सिमाना नजिक उत्तर पशिचम कम्वोडियामा बस्छु । कम्वोडियामा भएको मेरो परिवारको कमजोर स्थितिको कारण मेरा आमा बाबु कामको खोजीमा थाइल्याण्ड जानुभयो । साना भाइ बहिनीहरुको हेरचाह गर्न मलाई गाउँमा नै छाडियो, जसका कारण मैले पढाइ रोक्नु पऱ्यो । केही वर्ष अघि मण्डलीका एकजना अगुवाले नयाँ परियोजना (प्रोजेक्ट) शुरु गर्नुभयो । उक्त परिउोजना पढाई छोडेकाहरुको लागि तयार गरिएको शिक्षाको कार्यक्रममा रहेको थियो जसमा म सहभागी हुन सके जहाँ मैले खमेर भाषा पढ्न र लेख्न सक्ने भए साथै गणित सिके अन्य थुप्रै कुरा सिक्न सकें । मैले परमेश्वर र मेरो लागि उहाँको प्रेमको बारेमा पनि सिक्न सकें । सन २००९ को फेब्रुअरी महिनामा, मैले मेरो हृदय परमेश्वरलाई दिए । -कम्बोडिया, कोन मेङ

**'तेरा सबै छोराहरु परमप्रभुबाट सिकाइनेछ, र तेरा छोराछोरीहरुलाई ठूलो शान्ति मिल्नेछ ।' -यशैया ५४:१३**

प्रार्थनाका विषयहरु

- शारीरिक वा मानसिक अपाङ्गताको कारण विद्यालय जाने अवसर नपाएका बालबालिकाको लागि
- विद्यालयको लुगा, जुत्ता वा पुस्तकहरु उपलब्ध गराउन नसक्ने गरिब परिवारका बालबालिकाहरुको लागि जो विद्यालय जानबाट बञ्चित छन् ।
- आफू र आफ्नो परिवारलाई जीविकोपार्जनको लागि दिनमा काम गर्नुपर्ने हुनाले विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि
- बालबालिकाहरुको विकास र शिक्षालाई सहायता पुऱ्याउन चाहने धेरै सेवाकाइहरुको लागि विशेष गरि जसले इशवरीय मान्यता र ज्ञानमा काम गर्नेहरुको लागि ।
- बालबालिकाहरुलाई सिक्ने अवसर प्रदान गर्नको लागि दैनिक रुपमा उपलब्ध गराउनु पर्ने मानविय तथा आर्थिक साधन स्रोतको लागि ।
- प्राथमिक तहका सबै बालबालिकाहरुको लागि विश्वव्यपी शिक्षाको प्रतिबद्धता सरकारले पुरा गरोस् भनेर ।

प्रार्थनाको लागि गर्न सक्ने क्रियाकलापहरु

- विद्यालयमा हुँदा मानिसले सिक्न सक्ने विभिन्न विषयहरुको बारेमा विभिन्न पुस्ताका व्यक्तिहरुको (मिश्रित पुस्ता) बिचमा कुराकानी गर्नुहोस् ।
- विद्यालय जान नसक्ने हुनुभएको भए तपाईं के हुनुहुन्थ्यो होला? तपाईंलाई कुन कुराले अप्ठ्यारो पार्थ्यो होला ?
- आज पनि विद्यालय जानबाट बञ्चित बालबालिकाहरुको विषयमा छलफल गर्नुहोस् । तपाईंले पाउनुभयो भने कुनै तथ्याङ्क, भिडियो चित्र वा फोटोहरु देखाउनु राम्रो हुन्छ । विद्यालय जान नसक्ने बालबालिकाहरुको परिस्थितिको बारेमा छलफल गर्नुहोस् ।

विचार-अर्को पटक विद्यालय जाने बालबालिकाहरुलाई देख्नु भयो भने त्यही उमेरमा विद्यालय जान बाट वञ्चित तपाईंले चिन्नुभएको अर्को बालकलाई प्रार्थना गर्ने अवसरको रुपमा किन नलिने ।

**खण्ड ४**

**भोकमारी र गरिबीले सताइएकाहरुको बिचमा केन्द्रबिन्दुका बालक**

भोकमरी अथवा उपचार गर्न सकिने रोगको कारण हरेक दिन २७ हजार बालबालिकाहरु मर्ने गर्दछन र सडकमा नै जीवन बिताउने वा काम गर्ने बालबालिकाहरुको संख्या १० करोड छ (युनिसेफ) ।

कल्पना गर्नुहोस् - हाम्रो अगाडि उभिएको बालिका एउटा थोत्रो लुगाहरुको थुप्रो जस्तो देखिन्छिन जसले मुस्किलले आफ्नो टाउको उठाउन सक्छिन् । उनी हेर्दा चार वर्षको देखिए पनि सात वर्षको रहिछन भनेर सुन्दा हामीलाई अचम्म लाग्यो । उनको छाला पहेंलो र सुख्खा छ । उनले अघाउन्जेल कहिल्यै खान पाइनन् र अघाउनु के हो कहिल्यै जानिन् ।

हाम्रो प्रतिक्रिया कस्तो हुनु पर्दछ त ?

- १४ करोड भन्दा बढी बालबालिकाहरु कुपोषणको शिकार भएका छन् भने भोकमरीको कारण एक हरेक वर्ष ५६ लाख बालबालिकाहरु मर्ने गरेका छन् ।
- अन्तराष्ट्रिय श्रम सगंठन (ILO) को अनुमानमा प्रत्येक वर्ष एक करोड २० लाख बालबालिकाहरु मानव बेचविखनको शिकार हुने गरेका छन् । जसलाई कामुक यौन वासना पुरा गर्न एक देशबाट अर्को देशमा पुऱ्याइन्छ । भारतमा आफ्नो परिवारको ऋण चुक्ता गर्न बालबालिकाहरुलाई नोकरको रुपमा काम गराइन्छ र यहि शोषित अवस्थामा उनीहरुको बाल्यकालको अन्त्य हुन्छ ।

**युगान्डा**

बाल सरोकार, युगान्डाको कम्पालामा रहेको एक परियोजनाले २०० जना बालबालिकाहरुको हेरविचार गर्दै थियो र रुपैंया पैसाको लागि धेरै संघर्ष गर्नुपऱ्यो । उनीहरुको बालबालिकाहरुको राम्रो पोषणको लागि धेरै दूधको आवश्यकता सबै भन्दा ठूलो अप्ठ्यारोको रुपमा देखा पऱ्यो । परियोजनाले दूध उपलब्ध गराउन सकेन न त रुपैंया पैसा संकलन नै गर्न सक्यो ।

भिभाको तालिम पश्चात यस विषयमा अलिक सृजनात्मक तबरले विचार गर्न उनीहरु प्रेरित भए र दुईवटा गाई किन्ने निर्णय गरे जस मध्ये एउटा ब्याउने गाई हुनेछ ।

अहिले उनीहरुसंग दैनिक रुपमा १५ लिटर दूध छ र उनीहरुले आफ्ना बालबालिकाहरुको खाना (porridge) मा लगाइदिन सक्ने भएका छन् । अहिले बालबालिकाहरुले सन्तुलित र बढी स्वस्थकर खानेकुरा पाइरहेका छन् ।

## बुल्गेरिया

विगत दश वर्ष देखि मिसन पोसिवल बुल्गेरिया (Mission Possible Bulgaria) नामा संस्थाले प्रत्येक जाडो याममा मण्डलीको सुप खुवाउने कार्यक्रम मार्फत साठ्ठी जना भन्दा बढी बालबालिकारुलाई खुवाउने काममा सहायता गर्छ । स्वंयमसेवकहरुले भोका भौतारिएका र थाङ्ने बालबालिकाहरुलाई खाना खुवाउने स्याहार गर्ने माध्यमद्धरा परमेश्वरको प्रेमलाई काममा देखाइरहेको छन् । परमेश्वरले बालबालिकाहरुको भविष्य (गन्तव्य) परिवर्तन गर्न थाल्नुभएको छ । उनीहरुका आमाबाबुहरु विश्वासमा आएको कारण आफ्ना बालबालिकाहरुलाई राम्रो स्याहार गर्न सक्ने भए अझ राम्रो तरिकाले लुगा पहिराइ दिन सक्ने भए, सफा राख्न सक्ने भए र सबैभन्दा महत्वपूर्ण पैसा माग्न सडकमा भन्दा पढ्न सिक्नको लागि विद्यालय पठाउन सक्ने भए ।

जिजस आउटरिच (Jesus outreach) नामक मण्डली युगान्डाको एक अति खाँचोमा परेको समुदायको विचमा अवस्थित छ जहाँका मानिसहरुलाई मुश्किलले खाना खान पुग्दछ । उनीहरुले अहिले केही बालबालिकाहरुलाई खाना उपलब्ध गराइरहेका छन् । उक्त मण्डली समुदायले आफ्नो टोलको फोहोर संकलन गरेर, ढल खुलाएर र वरपरको क्षेत्र सफा गरेर पनि बालबालिकाहरुलाई संरक्षण एवं स्याहार पुऱ्याइरहेका छन् । उनीहरु कसरी स्वस्थ्य वातावरणमा बस्न सक्छन् भन्ने कुराको यो समुदाय राम्रो नमुना भएको छ ।

तिनीहरुले पनि यसो भनेर जवाफ दिनेछन् ‘प्रभु, कहिले हामीहरुले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौ, परदेशी वा नाङ्गो वा बिरामी देख्यौ वा झ्यालखानामा देख्यौ र तपाईंको सेवा गरेनौं ?’“तब उनले तिनीहरुलाई जवाफ दिनेछन् साँच्चै म तिमीहरुलाई भन्दछु यी सबैभन्दा सानाहरु मध्ये एक जनालाई जे जति गरेनौ, त्यो तिमीहरुले मेरो निम्ति गरेनौ”

-मत्ति २५:४४-४५

प्रार्थनाका विषयहरु

- गरिबीमा जीवन बिताइरहेकाहरुको निम्ति अझ धेरै दया र प्रेम पुग्न सकोस् भनेर
- राहत, खाद्य र साधनस्रोतको वितरणमा सुधार गर्ने सरकारी अभ्यासको लागि ता कि वास्तविक आवश्यकताहरु सम्म पुग्न सकियोस
- उपचारविहिन रोगद्वारा मृत्यु र प्रकोप कम होस् भनेर किनकी मानिसहरुले गरिब र भोका बालबालिकाहरुलाई उचित ध्यान दिन थालेका छन्
- गरिब समुदायहरुलाई सहायता पुऱ्याउने नयाँ र सृजनात्मक उपायहरु भेटिउन् भनेर ।
- बालबालिकाहरुको पक्षमा सरकारले कानून बानउन सकोस ता कि अवसरको कमि हुँदाको अवस्था र गरिबीलाई तोड्न सकियोस् ।
- आवश्यक परेको ठाउँमा परमेश्वरको अलौकिक हस्तक्षेप अनुभव गर्नको लागि इसाई समुदायहरुमा अझ बढी विश्वास आओस् भनेर

प्रार्थनाको लागि गर्न सकिने क्रियाकलापहरु

करिब आठजना व्यक्तिहरु बस्न मिल्ने टेबुल तयार गरि केही खानेकुराहरु राख्नुहोस । उक्त खानेकुरा असमान तरिकाले (धेरै थोरै गरि) बाँडनुहोस । सबैलाई पुग्यो की पुगेन भनेर विचार गर्नुहोस । कसैले धेरै र कसैले थोरै पाउँदा तपाईंलाई

कस्तो महसूस भयो ? को भोको छ ? कोही बालबालिकाहरुले थोरै खान पाउँछन र कोहीले चाँही चाहिने भन्दा पनि धेरै भन्ने कुरा उल्लेख गर्नुहोस् । हाम्रो समुदायमा खाँचो र गरिबिमा बस्ने मानिसहरुलाई हामीले कसरी सोचिरहेका छौं । विचार - अर्को पटक तपाईंको सानो छदाँको फोटो हेर्नुहोस र विचार गर्नुहोस तपाई आजको व्यक्ति बन्नको लागि कति खाना र रुपैंया पैसा खर्च भयो होला । परमेश्वरको प्रेम र वास्ताको लागि धन्यवाद दिनुहोस् ।

**खण्ड ५**

**मृत्यु र आफन्त गुमाएकाहरुको विचमा बालक**

सन् २००८ मा लगभग ३ करोड ३० लाख व्यक्तिहरु एचआईभी. संक्रमित थिए, त्यस मध्ये २१ लाख जना १५ वर्ष भन्दा मुनिका बालबालिकाहरु थिए ।

कल्पना गर्नुहोस्- हाम्रो अगाडि भएको बालक आफ्ना साना भाई बहिनीसंग छ र उ आफ्ना घुंडाले टेकेर उभिन खोज्दैछ । उसको खुट्टा नजिकको घस्रने बालकलाई उसले हातले उचालेर उभिन सहायता गर्दछ । १३ वर्षको यस बालकको खाँचो उसको थकित हेराईमा देख्न सकिन्छ । गत वर्ष उसले आफ्नो बाँचेका सबै आफन्तहरु एचआइभी/एड्स को कारण गुमाएको थियो ।

हाम्रो प्रतिक्रिया कस्तो हुनु पर्दछ ?

- १८ वर्षभन्दा मुनीका करिब १ करोड ७५ लाख बालबालिकाहरुले आफ्ना एक जना वा दुवै जना अभिभावक एड्सको कारण गुमाएका छन् । र यो आंकडा भन्दा लाखौं बढी बालबालिकाहरु एड्सबाट प्रभावित छन् र गरिबी, घरबारविहीन, बिचमा पढाई छोड्ने, विभेद र जीवनका अवसरहरु गुमाउने आदी जस्ता बढ्दो जोखिममा छन् । यस कठिनाइमा बिमार र मृत्यु त छ नै ।
- सन २००८ मा एड्स संग सम्बन्धित बिमारको कारण मर्ने २० लाख मानिसहरुमध्ये २ लाख ८० हजार बालबालिकाहरु १५ वर्षभन्दा कम उमेरका थिए ।

**रुवान्डा**

एचआईभी पोजेटिभ भएका जेम्सले एड्स सम्बन्धित संक्रमिणबाट आफ्ना आमाबाबु गुमाएपछि पहिला हजुरआमा र त्यसपछि काका संग बसे । उनको यो क्षतिले उनको बानीमा असर गऱ्यो बाँच्न उनलाई गाह्रो हुन पुग्यो । एप्रिकोम परियोजना (APRECOM PROJECT) ले उनलाई केहि समयको लागि पालिदिने घर भेटाइदियो । जेम्सलाई उनको काकासंग मिलाप गराउने कामको लागि प्रार्थना गरिदिनुहोस् ।

बेथानी बालट्रष्ट साझेदार परियोजना, रुवान्डा (Bethany children trust partner project, Rwanda) दक्षिण अफ्रिका

थाडी र उनकी बहिनी नोम्बेका उनीहरुको वास्ता गर्ने अभिभावकसंग दक्षिण अफ्रिकामा हुर्केका थिए । जब उनका बाबुको मृत्यु भयो तब सबै कुरा बदलियो । यस क्षति पछि उनकी आमाले यी दुई छोरीलाई त्यागेर नयाँ केटा साथी खोजीन् । उनकी हजुरआमाले उनीहरुलाई आफ्नो घरमा लान सक्षम भइन तर पनि उनीहरुमा गहिरो रुपमा आघात/चोट परेको थियो । यो त्यति बेला मात्र थाहा भयो जति बेला थाडीले एउटा स्थानिया परियोजना द्वारा आयोजित शोक कार्यशालामा बाँडिन् ।

**पृष्ठपोषण/ प्रतिक्रियाः**

तपाईंको प्रतिक्रिया हाम्रो लागि महत्वपूर्ण छ । यस प्रार्थना मार्गनिर्देशनका तपाईंले कसरी प्रयोग गर्नुभयो भनेर हामी जान्न चाहन्छौं/दूईवटा साधारण तरिकाले तपाईंले हामीलाई सहायता गर्न सक्नुहुन्छ :

१. भिभा समुदायमा आवद्ध भएर तपाईंले गर्न चाहने कुनै पनि प्रार्थनाका क्रियाकलापहरुबारे हामीलाई जानकारी दिनुहोस् । अनलाइनमा निम्न ठेगाना लग अन गरी दर्ता/रजिष्टर गर्नुहोस्
http://www.viva.org/communityregistration.aspx

2.www.viva/org मा गई अनलाईन प्रश्नहरुको उत्तरमा इमेल गरी निम्न विवरणहरु को जानकारी दिनुहोसः

- कार्यक्रम कहाँ सम्पन्न भयो ?
- कति पटक वयस्क र बालबालिकाहरुले भाग लिए ? (१८ वर्षभन्दा माथि वा मुनीका)
- कार्यक्रम कति लामो भयो ?
- के पुस्तिका उपयोगी सिद्ध भयो वा कसरी प्रयोग गर्नुभयो ?
- तपाईंको प्रार्थना समारोहका महत्वपूर्ण विषयवस्तु के के थिए ?

तपाईको योजना गर्नुभएको प्रार्थना कार्यक्रमको विषयमा हामीले थाहा पाउनु भनेको तपाईंको कार्यक्रम हामीले समुदाय पृष्ठमा विज्ञापन गरिदिन सक्छौ ता कि तपाईंको क्षेत्रका अन्य व्यक्तिहरु पनि सहभागी हुन सकुन् ।

बेला बेलामा आफ्नो प्रतिक्रिया हामीलाई निम्न ठेगानामा पठाउन सक्नुहुन्छ ।

viva
unit 8,The Gallery
54 Marston st.oxford,
OX4 1LF Uk

थप जानकारी
www.viva.org/pray

निम्न कुरा थाहा पाउन उक्त वेवसाइट हेर्नुहोसः

- प्रार्थना पुस्तिकाको संस्कारण डाउनलोड गर्न
- यस पुस्तिकाका अनुवादहरुको लागि
- कुनै विषयमा power point द्वारा प्रस्तुत विषय थाहा गर्न
- विश्वभर रहेका बालबालिकाहरुको आवश्यकता सम्बन्धि थप जानकारी पाउन

हामीले थप के गर्न सक्छौ ?

इमेल स्रोतहरु : जोखिममा परेका बालबालिकाहरुको प्रार्थना समाचार । यदि तपाईंले निरन्तर रुपमा आफ्नो मण्डली वा सानो झुण्डमा प्रार्थना गर्न चाहनुहुन्छ भने, जोखिममा परेका बालबालिकाहरुको विषयमा किन इमेलद्धरा जानकारी नलिने ? प्रत्येक पटक हामीले बालबालिकाहरु प्रभावित विषय वस्तु सम्बन्धि, र जोखिममा परेका बालबालिकाहरुलाई सहायता पुऱ्याइरहेका सञ्जालहरु र सेवकाइहरुद्धारा गरिएका प्रार्थनाका अनुरोधहरु तपाईंलाई पठाउछौ । आफ्नो सेवामा तपाईको बालबालिकाहरुलाई प्रार्थना गर्ने समय छुट्याउन सक्नुहुन्छ । महिनामा एकपटक भएका विश्वासीहरु जम्मा हुन सक्नुहुन्छ ।

भिभा प्रार्थना डायरी

यदि तपाईंले व्यक्तिगत वा पारिवारिक रुपमा प्रत्येक दिन वा बालबालिकाहरुको लागि प्रार्थना गर्न चाहनुहुन्छ भने तपाईंले भिभा प्रार्थना डायरी चाहनुहुन्छ भने, तपाईंले भिभा प्रार्थना डायरी htt://www.org/prayerdiary.aspx मार्फत डाउनलोड गर्न वा त्रैमासिक रुपमा जानकारी पाउन इमेल गर्न सक्नुहुन्छ । सान्दर्भिक बाइबलका पदहरु संगसंगै प्रत्येक बालबालिकाहरुका, परियोजना र सञ्जालहरुका प्रार्थनाका अनुरोधहरु प्रत्येक दिन उपलब्ध छन् । प्रार्थना डायरी त्रैमासिक प्रकाशन हो ।

प्रार्थनामा बालबालिकाहरु

बालबालिकाहरुका प्रार्थना समूहका सञ्जालहरु बढ्दो छन् जुन आजको विश्वमा बालबालिकाहरुले सामना गरिरहेका विषयवस्तुमा प्रार्थना गर्न समर्पित छन् । तपाईंको आफ्नो क्षेत्र वा मण्डलीबाट साना बालबालिकाहरुलाई प्रार्थना गर्न निरन्तर रुपमा किन भेला नहुने ? बालबालिकाहरुको लागि परमेश्वरको दया कति छ भनेर थाहा पाउने कुरामा बालबालिकाहरु कहिल्यै साना हुँदैनन् ।

समस्यामा परेकाहरुलाई प्रार्थना गर्न

अरुसंग सम्पर्कमा रहिरहन र जोखिममा परेका बालबालिकाहरुको लागि प्रार्थना गर्ने काममा सहभागी हुने विधिहरुका लागि The Roar.http://,www.viva.org/community Registration.aspx मार्फत अनलाईन समूहमा सहभागी हुनुहोस्

**दिनु**

यदि तपाईं र तपाईंको मण्डलीले जोखिममा परेका बालबालिकाहरुलाई आर्थिक रुपमा सहायता पुर्‍याउन चाहनुहुन्छ भने, यसो गर्ने एउटा तरिका भिभा मार्फत हुन सक्दछ । तपाईंको योगदानले सबैभन्दा नाजुक अवस्थामा रहेका बालबालिकाहरुको जीवन रुपान्तरण गर्ने कामका लागि परेका विश्वभरका इसाईहरुलाई सहायता पुर्‍याउँदछ । कृपया हाम्रो वेवसाइट हेर्नुहोस वा तपाईंको दान/उपहार निम्न ठेगानामा पठाईदिन सक्नुहुन्छ ।

Viva<br>
unit 8,The Gallery<br>
54 Marston st.oxford,<br>
OX4 1LF Uk

**बलबालिकाहरु पिडा, दुखमा छन् यो हामीलाई थाहा छ**
**साथै हजारौं मानिसहरु बालबालिकालाई सहायता गर्ने काममा लागिरहेका छन् भन्ने कुरा पनि हामीलाई थाहा छ ।**

बालबालिका पिडामा जिइरहने छन् । विश्वभर रहेका परियोजना तथा कार्यक्रमहरुले धेरै ठूला काम गरिरहेका छन् । तर उनीहरु प्राय एक्लिएका, अर्थ, स्रोत तथा साधनका लागि संघर्ष गरिरहेका छन् ।

**यदि जोखिममा परेका बालबालिकाहरुको निम्ति सहायता र काम गरिरहेका सबै मिलेर काम गरे के हुन्छ ?**
यदि हामीले आ-आफ्ना सिप, दक्षता, ज्ञान, विचार र सम्पर्क बाडेमा के हुन्छ?
हामीहरुले बालबालिकाले भोगिरहेका समस्या समाधान गर्न सक्छौं , आवश्यकता आपूर्ति गर्ने मात्र होइनौं तर दूरदर्शि भई समस्या समाधान गर्न पनि सक्छौं ।

**भिभामा हामी त्यही गरिरहेका छौं ।**
हामीहरु ४३ खीष्टियन संजालद्वारा ८,००० परियोजना गरिरहेका छौं जसद्वारा उनीहरु लाई एकै ठाँउमा एकतृत गरि उनीहरुको गुण्स्तरिय विकास गर्नु , उनीहरुमा एकता र प्रभावकारिता ल्याउनु ताकी संसर भरिनै रहेका १ मिलियन बालबालिकाहरुलाई उत्तम रेखदेख गर्न सकून ।

**सँगसँगै मिलेर हामीहरु बलबालिकाहरुलाई खुशी, स्वास्थ्य साथै उज्जवल भविश्यका अवसर प्रदान गर्न सक्छौं ।**
**के तपाईंहरु हामी संग समावेश हुनचाहनु हुन्छ ?**

Viva, United 8, The Gallery, 54 Marston Street, Oxford, United Kingdom, OX4 1LF
**E**:enquiries@viva.org T: +44(0) 1865811660 **W**: www.viva.org